# रामारोशन गाउँपालिका

## रामारोशन गाउँपालिकाको आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम

उपस्थित गाउँसभा सदस्य ज्यूहरु,

सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना एवम् मुलुकको सर्वाङ्गीण विकास, समृद्धि, सुशासन र अग्रगमनको लागि इतिहासका विभिन्न कालखण्डमा भएका वलिदानीपुर्ण संघर्ष र क्रान्तिहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञातअज्ञात महान सहिदप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। जनहित र - अग्रगमनका लागी योगदान गर्नुहुने सम्पुर्ण महानुभावहरु प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु। हामी सा-अहिले समाजवाद उन्मुख आर्थिकमाजिक रूपान्तरणका लागि राजनीतिक स्थायित्व, सुशासन, विकास र सामाजिक न्यायसहित समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा सहित अगाडी बढिरहेका छौ। संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका सार्वभौम जनताले उत्कृष्ट तहको स्वतन्त्रताको उपभोग गर्दै जनताले आफ्नो अधिकार प्रयोग गरिरहेको वर्तमान अवस्थाको सिर्जनाको लागि इतिहासका विभिन्न कालखण्डमा वलिदानि गर्नुहुने महान योद्धाहरु, घाइते तथा अपाङ्ग योद्धाहरु, वेपत्ता योद्धाहरु, स्वतन्त्रता सेनानीहरु तथा सम्पुर्ण आम जनसमुदायमा उच्च सम्मान सहित हार्दिक आभार व्यक्त गर्दछु ।

विकेन्द्रिकरणको उत्कृष्ट नमुनाको रुपमा रहेको तिन तहको संघीय व्यवस्था अन्तरगत संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहहरु अहिले आ-आफ्नो क्षेत्राधिकारमा रहि बजेट निर्माणको लागि जुटिरहेको अवस्था छ। ठुलो बलिदानी र संघर्ष पश्चात प्राप्त वर्तमान व्यवस्थामा पनि विकास र सुशासनको सवालमा

जनतामा व्यापक निरासा र आक्रोस बढ्दो अवस्थामा छ भने व्यवस्थाको विकल्प खोजिनु पर्छ भन्ने संविधान विरोधि आवाजहरु संसद देखि सडकसम्मै देखिन थालेका छन । सवै तहका सरकारहरुले आ-आफ्नो तहबाट जनआकांक्षा पुरा गर्ने कार्य गरिनु अहिलेको परम आवश्यक्ता हो । व्यवस्था परिवर्तन भयो तर जनताको अवस्थामा परिवर्तन भएन भन्ने मत बढ्दै गैरहेको वर्तमान अवस्थामा वास्तविक रुपमा जनताको जिवनस्तर उकास्ने, जनताका आकांक्षा पुरा गर्ने कुरामा केन्द्रित हुने सवै तहका सरकारहरुको पहिलो कर्तव्य हो । पुरानो सामाजिक संरचना परिवर्तन हुदै विद्युतिय समाजको अवधारणा बमोजिम नयाँ सामाजिक मुल्य मान्यताको स्थापना हुदै गैरहेको सन्दर्भमा सामाजिक अवसर चुनौतिहरु समेत नविन ढंगले अगाडी आएका छन । सामाजिक संजालमा आधारित नयाँ समाजमा उत्पन्न चुनौतिहरुलाई अवसरमा बदल्दै त्यहि किसिमको मुल्यको विकास गरिनु आवश्यक भैसकेको छ ।

संविधान कार्यान्वयन, सङ्घीयताको सबलीकरण, अर्थतन्त्रको सुधार र पुनरुत्थान, उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना, सुशासन प्रवर्द्धन, सार्वजनिक सेवा प्रवाहमा सुधार र सरलीकरण, नागरिकमैत्री शासन प्रणालीको स्थापना तथा भ्रष्टाचार नियन्त्रण सरकारका मुख्य जिम्मेवारी हुन । परम्परागत सामाजिक मुल्य र संरचनामा आएको परिवर्तनसंगै हाम्रो सेवा प्रवाहमा चुस्तता, प्रभावकारीता, पारदर्शिता परवर्द्धन गर्दै सेवा प्रवाहलाई सूचनाप्रविधिसंग जोड्न सकिएन भने युग अनुसारको सेवा प्रवाह हुन नसक्ने तर्फ समेत सचेत हुनु पर्ने अवस्था छ ।

संघीयताको कार्यान्वयनको क्रममा हामी स्थानीय तहको दोस्रो कार्यकालको मध्यतिर छौ । यहासम्म आइपुग्दा रामारोशनको विकास र समृद्धिको लागी विभिन्न दुरगामी र महत्वपुर्ण कार्यहरु भएका छन । पुर्वाधार निर्माण तर्फ सवै वडा कार्यालय सम्म सडकसंजाल पुऱ्याइसकिएको छ भने रामारोशनका सवैवडाहरुको मध्यविन्दु जोड्दै जाने रामारोशन रिंगरोडको अधिकांस ट्र्याक खोल्ने काम भैसकेको छ । हाम्रा ७ वटा वडा कार्यालयहरु मध्ये ४ वटा वडाकार्यालयको भवनहरु निर्माण सम्पन्नको चरणमा छन भने ३ वटा वडा कार्यालयहरुको भवन निर्माणको ठेक्का चालु आर्थिक वर्षमै हुने क्रममा छ । ७ वटा स्वास्थ्य चौकिहरु मध्ये ४ स्वास्थ्य चौकिको भवन निर्माण सम्पन्न भइसकेको छ भने २ वटा स्वास्थ्य चौकिको भवन निर्माणको ठेक्का चालु आर्थिक वर्षमै हुन्छ । विद्यालयको शैक्षिक पुर्वाधारको विकासको सन्दर्भमा समेत विन्देश्वरी नमुना माध्यमिक विद्यालय तथा नेपाल राष्ट्रिय माध्यमिक विद्यालयका भवनहरुजस्ता सुविधासम्पन्न भवनहरु निर्माण कार्य भएको छ । प्रशासकीय भवनको निर्माणको लागी जग्गा प्राप्ति गरि ठेक्काको प्रकृया अगाडी बढाउने प्रकृयामा छौ भने गुणस्तरिय शिक्षा विना अन्य सवै विकास अर्थहिन हुन्छ भन्ने कुरा मनन गर्दै आम जनताका छोराछोरिको गुणस्तरिय शिक्षाको अधिकार सुनिश्चित गर्न **रामारोशन शैक्षिक रुपान्तरण अभियान**लाई प्रभावकारी रुपमा कार्यान्वयन गरिएको छ । खानेपानी तथा सरसफाईको क्षेत्रमा समेत वितेका ७ वर्षमा गर्व गर्न लायक काम भएको छ ।

सवै तहका सरकारले जनशक्ति व्यवस्थापनका सन्दर्भमा योग्यता प्रणालीलाई अवलम्बन गरेका छन । गुणस्तरिय जनशक्ति उत्पादन गर्ने माध्यमको रुपमा रहेको शिक्षालाई वास्तविक रुपमा गुणस्तरिय वनाउन सकिने हो भने राष्ट्रिय र अन्तराष्ट्रिय रुपमै धेरै अवसरहरु रहेका छन । संघीयता कार्यान्वयन भइसकेपछि पनि कानुन नपाएको शिक्षा क्षेत्र आन्दोलित रहेकै समयमा हामी नीति तथा कार्यक्रम प्रस्तुत गरिरहेका छौ । शिक्षामा रहेको वर्तमान अस्तव्यस्तता र लथालिङ्गतालाई चिर्नु नै हाम्रो अहिलेको मुख्य चुनौति हो भने जन अपेक्षा बमोजिम हाम्रो सेवा प्रवाहलाई प्रभावकारी र पारदर्शि बनाउनु अर्को चुनौति हो ।

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा रामारोशन गाउँपालिकाको आवधिक योजना एवं मध्यमकालिन खर्च संरचना समेतलाई आधार मानि सिमित श्रोतबाट जनताको असिमित र बढ्दो आकांक्षाहरु पुरा गर्न हामी आर्थिक वर्ष २०८२।८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछौ । सीमित स्रोतबाट जनताको असीमित आकांक्षा परिपुर्ति गर्नु स्थानीय सरकारको लागि अवसर र चुनौति दुवै हो । तमाम अभाव र आकांक्षाका वीच रामारोशन गाउँपालिकाको समग्र विकास र समृद्धिको लागि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम क्षेत्रगत रुपमा सम्मानित गाउँ सभामा पेश गर्ने अनुमति चाहन्छु ।

## क) आर्थिक विकास

**कृषिः**

**नाराः** ***<u>निर्बाहमुखिको विकल्प आधुनिकिकरण, व्यवशायिकरण र बजारिकरण</u>***

१. किसानहरुलाई कृषि पेसामा आर्कषण गर्नको लागि कृषक तालिम, कृषक भ्रमण , कृषक पाठसाला, तरिका पर्दशन, नतिजा प्रर्दशन र कृषि अनुदानका कार्यक्रमहरु संचालन गरिनेछ।
२. सम्भावनाको अध्ययन गरी एक वडा एक उत्पादन कार्यक्रम प्रारम्भ गरिनेछ ।
३. स्थानीय रैथाने जातिका कोदो तथा भटमास खेति प्रवर्द्धन गरि किसानको उत्पादन खरिद गरि किसानलाई बजार खोज्न पर्ने अवस्थाबाट मुक्त गरि खरिद गरिएको खाद्यान्नलाई बजारिकरण गरिनेछ ।
४. खाद्यान्न बालीका वीउ वितरणमा अनुदानमा सहुलियत प्रदान गरिने छ साथै कृषि बाली उत्पादन क्षेत्रमा सिँचाइको व्यवस्था गरिने छ ।
५. कृषक दिवस,धान दिवस ,माटो दिवस,वातावरण दिवस लगायतका विभिन्न दिवसहरु मनाइने छ र कृषि पेशालाई सम्मानजनक पेशामा रुपान्त्रण गर्न किसान सम्मान कार्यक्रम अगाडि बढाईनेछ ।
६. जलवायु परिवर्तलाई मध्य नजर गर्दै खाद्यान्न बाली र वागबानी जन्य बालीका जलवायु परिवर्त अनुकुलित जातहरुको खेति बिस्तार गरिनरछ ।

७. जग्गा बाझो राख्ने प्रवृतिलाई निरुत्साहित गर्दै सम्भाब्य क्षेत्रमाओखर—, किवि, कागति, सुन्तला, अदुवा, टिमुर, आदि को खेति गर्ने किसानले प्रोहत्सान अनुदान कार्यक्र संचालान गरिनेछ।
८. कृषि उत्पादनमा जोड दिइनेछ र बजारीकरणमा सहयोग पुयाइनेछ।-
९. सरकारी र गैरसरकारी संघसस्थाहरुसंग समन्वय र सहकार्यमा जोड दिइनेछ।
१०. पालिकास्तरिय नर्सरी स्थापना गरि फलफूल तथा जडिबुटिका विरुवा उत्पादनको कार्य सुरुवात गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

**पशु सेवाः**

**नाराः _स्वस्थ पशुधनः कृषकको खुसि मन_**

१. वडागत रुपमा कृषि तथा पशुपंक्षि शिविर सञ्चालन गरिने छ ।
२. पशुपंक्षिमा लाग्ने रोग तथा परजिवि उपचारका लागि औषधि वितरण गरिने छ।
३. भेडा बाख्रामा लाग्ने P.P.R. रोग विरुद्धको खोप लगाईने छ ।
४. पशुपंक्षि सम्बन्धि तालिम सञ्चालन गरिने छ ।
५. पशुपंक्षि विमा लागु गरिने छ ।

**पर्यटनः**

**नाराः _पर्यटन बजारः रामारोशनको समृद्धिको आधार_**

१. रामारोशन पर्यटन क्षेत्रलाई पालिकाको आयस्रोतको रुपमा स्थापित गर्न उपयुक्त कानुनि व्यवस्था गरि प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
२. रामारोशन तालमा संचालित डुंगालाई प्रभावकारी रुपमा संचालन गरि आकर्षक पर्यटकिय गन्तव्यको रुपमा स्थापित गर्न आवश्यक प्रबन्ध गरिनेछ ।
३. रामारोशन क्षेत्रमा पर्यटन पुर्वाधार विकासको लागि आवश्यक प्रबन्ध गरिनेछ ।
४. पर्यटकिय क्षेत्रको बजारिकरण र विश्वव्यापिकरणको लागि योजनवद्ध रुपमा कार्य गरिनेछ र यस कार्यको लागी प्रदेश सरकार र नेपाल सरकारसंग आवश्यक समन्वय गरिनेछ ।
५. नन्दामाता तिर्थस्थललाई धार्मिक पर्यटकिय स्थलका रुपमा विकास गर्दै लगिनेछ ।

**उद्यम विकासः**

**नाराः _उद्यम विकासः स्वरोजगारको आधार_**

१. गरिवि निवारणका लागि उद्यम विकास कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गरिनेछ। गएका र चालु आर्थिक वर्षका असफलताबाट पाठ सिक्दै आगामी आर्थिक वर्षमा गरिवि निवारणका लागि उद्यम विकास कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।
२. गरिवि निवारणका लागि उद्यम विकास कार्यक्रमलाई थप प्रभावकारी बनाउन गाउँपालिकाको तर्फबाट आवश्यक साझेदारी गरिनेछ।
३. रामारोशन गाउँपालिका भित्र रहेका कच्चापदार्थ अल्लो प्रसोधन गर्ने, सिस्नो प्रसोधन गर्ने, नेपाली कागज उत्पादन गर्ने,कोदोको पापड र बिस्कोट बनाउने, मकै बाट विभिन्न प्रकारका खानेकुरा उत्पादन गर्ने, भटमास र मुम्फली बाट दाल्मोट उत्पादन गर्ने, बास निगालोका सामाग्री उत्पादन गर्ने,वनमा खेरगएका काठबाट फर्निचरका सामाग्री उत्पादन गर्ने, खालि जमिनमा स्याउ, ओखर, किबि, अङ्गुर, केरा, आँपर सुन्तला रोप्ने, नयाँ प्रविधिमा र स्थानिय कच्चापद्धार्थमा आधारित नयाँ/नयाँ सीपमुलक तालिमहरु प्रदान गरिनेछ।

## ख)सामाजिक विकास

**स्वास्थ्यः**

**नाराः** ***सेवा प्रवाह, अभिलेख र प्रतिवेदनमा एकरुपताः स्वास्थ्य सेवामा प्रभावकारिता***

१. सवैका लागि स्वास्थ्य, स्वास्थ्यका लागि सवै, आदर्शलाइ कार्यान्वयन गरीने छ।
२. जनताले पाउनुपर्ने गुणस्तरिय आधारभुत स्वास्थ्य सेवालाई मध्यनजर गर्दै स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य ईकाईको भौतिक संरचनाको गुणस्तर सुधार गर्दै सवै स्वास्थ्य चौकिमा ल्याव सेवा सुनिश्चित गर्ने नीति अवलम्बन गरिनेछ।
३. रामारोशन गाउँपालिकामा कार्यरत स्वास्थ्यकर्मीहरुलाई प्रोत्साहित गर्न कार्यरत कर्मचारीहरुमध्ये चिकित्सा शिक्षा आयोगको प्रवेस परिक्षामा उत्कृष्ट अङ्क ल्याउने स्वास्थ्यकर्मीमध्ये योग्यताक्रमका आधारमा ४/४ बर्षमा २/२ जनालाई उच्च मेडिकल तथा जनस्वास्थ्य शिक्षाको लागि पुर्ण छात्रवृत्तिमा तलवी अध्ययन बिदामा पठाउन आवश्यक कानुनी व्यवस्था गरि कार्यान्वयन गरि रामारोशनबाट बिपिएच तथा एमविविएस उत्पादनको कार्य अगाडी बढाइनेछ।
४. जेष्ठ नागरिकको स्वास्थ्य प्रर्वधन गर्न प्रत्येक महिना समुदायमा गई निःशुल्क सुगर तथा प्रेसर र स्वास्थ्य जाचँ गर्ने गरी अध्यक्ष जेष्ठ नागरीक स्वास्थ्य प्रर्वधन कार्यक्रम संचालन गरिने छ।
५. स्वास्थ्य विमा कार्यक्रम लाई ब्यवस्थित बनाई निरन्तरता दिइने छ।
६. रामारोशन गाउँपालिकाका जनताले घर दैलोमा निःशुल्क स्वास्थ्य सेवाको अनुभुति गराउन ७ वटै वडाको स्वास्थ्य संस्थाहरुको सेवा व्यवस्थापन गर्न गाउँपालिका तत्पर रहनुका साथै प्रति

संस्था अनुदान रकम उपलब्ध गराइने छ । साथै स्वास्थ्य संस्थाको न्युनतम सेवा मापदण्ड पालना गर्न गुणस्तरीय सेवा दिन स्वास्थ्य संस्थाको लागी आवश्यक व्यवस्थापनको कार्यलाइ निरन्तरता दिइने छ ।

७. गुणस्तरीय औषधीमा जनताको पहुँच, औषधीको समुचित प्रयोग, अत्यावश्यक औषधी र उपकरणको प्रयाप्त उपलब्धता गराई स्वास्थ्य सेवा प्रभावकारी र जनमुखी बनाउनुका साथै विशेषज्ञ सहितको शिविर सञ्चालन गरिने छ ।

८. मातृ तथा शिशु स्वास्थ्यको क्षेत्रमा प्रगति भएता पनि भौगोलिक विकटता र आर्थिक विपन्नता भएका ठाउँमा मातृ मृत्युदर र नवजात शिशु मृत्युदरमा कमि ल्याउन महिलाहरुको प्रजनन् स्वास्थ्य, सामुदायीक प्रसुति केन्द्रको विस्तार, गुणस्तरीय प्रसुती सेवा, सामुदायमा आधारित नवजात शिशु सेवाद्वारा मृत्युदर घटाउन दक्ष जनशक्ति बनाउन तिब्र गतिमा पालिका स्तरबाट व्यवस्थापन गरिने छ ।

९. समनता, जवफदेहिता, जनसहभागिता जस्ता प्राथमिक स्वास्थ्य सेवाका सिद्धान्तहरु प्रति प्रतिबद्ध रहि 'सबैका लागि स्वास्थ्य' र 'सबै स्वास्थ्यका लागि' अभियान अघि बढाउन गाउँपालिका प्रयत्नशिल रहनुका साथै स्वास्थ्यका सामाजिक कारक तत्वहरुका महत्त्वलाई आत्मासात गर्दै अन्य सामाजिक नीतिहरुमा पनि स्वास्थ्य सरोकार प्रतिविम्वित गराउन 'स्वास्थ्य सबै नीतिहरुमा' स्थापित गरिने छ ।

१०.परिवार स्वास्थ्य लागायत यौन तथा प्रजनन् स्वास्थ्यलाई एकिकृत सेवाको रुपमा कार्यन्वयन गर्न प्रत्येक स्वास्थ्य संस्थामा नर्स हरु परिचालन गरी कार्यक्रम सञ्चालन गरिने छ ।

११.युवा तथा किशोरी मैत्री स्वास्थ्य सेवाको अवधारणालाई सम्पूर्ण स्वास्थ्य सेवा प्रदायक संस्थाहरुमा समावेश गरी विद्यालय स्वास्थ्य कार्यक्रमसँग सामायोजन गराइने छ ।

१२.प्रजनन् स्वास्थ्यसँग सम्बन्धित हरेक पक्षको उत्थान, समस्या समाधान, सेवा विस्तार र गुणस्तरता अनुगमन अभियानलाई अगाडी बढाउन उपाध्यक्ष महिला सशक्तिकरण कार्यक्रम मार्फत सम्बोधन गरिने छ ।

१३.महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, सिमान्तकृत, अग्रगामी लोक तान्त्रिक परिवर्तनका लागि भएको १० बर्षे सशस्त्र संघर्ष, सबै जनआन्दोलन र क्रान्तिका क्रममा जिवन उत्सर्ग गर्ने शहिद परिवार, द्वन्द्ध पिडित र घाइतेहरुको संविधान प्रदत्त अधिकार स्वास्थ्य सेवामा प्रत्याभुत गरिने छ । सवै लिङ्ग क्षेत्र र समुदाय भित्रका आर्थिक रुपले विपन्न शारिरीक र मानसिक रुपले अशक्तहरुलाई प्राथमिकताका साथ स्वास्थ्य सेवा सुनिश्चित गरिने छ ।

१४.उपचार सेवालाई व्यवस्थित बनाउन समुदायका स्वास्थ्य संस्थादेखि अति विशिष्ट सेवा प्रदायक संस्थाहरु सम्म प्रभावकारी दोहोरो प्रेषण प्रणालीको व्यवस्था गरिनेछ ।

१५.स्थानीय तहमा कम्तिमा १५ सैयाको रामारोशन अस्पताल स्थापना कार्य प्रराम्भ गरिने छ । यसको लागि संघ र प्रदेश सरकार संघ समन्वय गरीने छ ।

१६.गाउँपालिकाका सबै जनताको समयमै रोग निदानको लागि स्वास्थ्य संस्था स्तरमा प्रयोगशाला र एक्सरे सेवालाई विस्तार गरिने छ ।

१७.लैङ्गिक हिंसा पिडितहरुको उपचार मनोसामाजिक परामर्श को व्यवस्थापन तथा प्रेषण प्रणालीको व्यवस्थापन गरीने छ ।

१८.एक द्वार संकट व्यवसथापन केन्द्रमा प्रेषणको व्यवस्था गरिने छ ।

१९.नेपालको संविधान २०७२ को मर्म अनुसार बालबालिकाको अधिकार सुनिश्चत गर्न गुणस्तरिय खोप सेवा तथा पुर्ण खोप शुनिश्चितता गर्न बाह्यय खोप केन्द्र भवन निर्माणमा जोड दिइने छ ।

२०.यौन रोग तथा एच आई भी एड्स लाई व्यवस्थापन गर्न ART वितरण केन्द्र स्थापना तथा सुचीकृत गर्न जोड दिइने छ । साथै सुरक्षीत गर्भपतन सेवा शान्तडा र भाटाकाटिया स्वास्थ्य संस्थामा निरन्तरता र व्यवस्थित गरिनेछ तथा अन्य स्वास्थ्य संस्था MA सेवा विस्तारको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

२१.पूर्ण संस्थागत सुत्केरी (Zero Home Delivery) कार्यक्रम सम्पुर्ण वडामा लागु गरि स्वास्थ्य संस्थामा गर्भ जाँच गराउन आउने महिलालाई पालिका स्तरबाट निःशुल्क भिडियो एक्सरे र सबै स्वास्थ्य संस्थामा 'सुत्केरी कक्ष को मर्मत सम्मार गर्नुको साथै आवश गृह' व्यवस्थापन गरिने छ ।

२२.गाउँपालिकालाई पूर्ण पोषण युक्त गाउँपालिका घोषणको लागि बहुक्षेत्रिय पोषण योजना कार्यक्रम मार्फत सम्बोधन गरिने छ ।

२३.गाउँपालिकामा विशेष गरेर जेष्ठ नागरिक सँग सम्बन्धित सेवा, सवालहरु, नसर्ने रोगहरुको पहिचान र उपचार, अखाद्य बस्तुको कडा नियमन, मदिरा र सुर्तीजन्य पदार्थको नियमन तथा कारबाही आदि जस्ता अभिभावकत्व सँग सम्बन्धित गतिविधिहरु सरकार प्रमुख सँग अभिभावक कार्यक्रम सञ्चालन गरी सम्बोधन गरिने छ ।

२४.स्वास्थ्य संस्थाहरुको सरसफाई स्वच्छता कायम गर्नका लागि अध्यक्ष सरसफाई तथा स्वच्छता कार्यक्रमबाट सम्बोधन गरिने छ ।

२५.शुन्य होम डेलिभरी कार्यक्रम र आमा समुहमा जनचेतना जगाउन सेवारत सामुदायिक स्वास्थ्य स्वयंसेवीकालाई प्रोत्साहन गरीने छ।

२६.सामुदायिक स्वास्थ्य कार्यक्रमलाई निरन्तरता दिइने छ ।

२७.जोखिममा रहेका गर्भवती तथा सुत्केरीलाई जीवन रक्षाका निम्ती र ८० बर्ष माथिका जेष्ठ नागरिकलाई जिल्ला भित्र निःशुल्क एम्बुलेन्स सेवा निरन्तरता छ।

२८.वयलपाटा अस्पताल लाइ अनुदान रकम उपलव्ध गरीने छ ।

२९.विपन्न नागरिक उपचार निर्देशिकालाई कार्यान्वयनमा ल्याइनेछ।

३०.गर्भावस्थाको कुपोषण न्युनिकरण गर्न गर्भवति महिलाहरुलाई निशुल्क फोलिक एसिड तथा क्याल्सियम वितरण गरिनेछ।

**बहुक्षेत्रीय पोषणयोजनाः**

नाराः ***नो मिस्टेक इन १००० दिन***

१. आगामि ४ बर्ष भित्र पालिकालाई पोषण युक्त पालिकाको रुपमा सुनिस्चितता र घोषणा गर्न कार्यक्रमहरु संचालन गरिने छ,
२. "एक घर एक करेसाबारी बाह्रै महिना हरियो तरकारी" अभियानसंचालन गरिने छ।
३. बहुक्षेत्रीय पोषण योजना अन्तर्गत पोषण मैत्री स्थानिय शासन (NFLG)अबलम्बन गर्न पोषण मैत्री वार्ड घोषणका लागि विशेष अभियान सञ्चालन गरि वडा घोषणा अभियानलाई विशेष प्राथमिकतामा राखि कार्य गरिनेछ। यसै आर्थिक बर्षमावडा नं.२ वडालाई पोषण मैत्री वडा घोषणा गरिने छ।
४. यस रामारोशन गाउपालिका अन्तरगतका सम्पुर्ण गर्भवति आमाहरुलाइ उपाध्यक्ष कोशेली कार्यक्रमलाइ निरन्तरता दिइने छ।
५. नेपालका महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अवस्थामा सुधार ल्याउने उद्देश्यले नेपाल सरकारकको प्राथमिकतामा रहेको बहु क्षेत्रीय पोषण योजना कार्यान्वयनलाई यस रामारोशन गाउँपालिका अछामले उच्च प्राथमिकतामा राख्ने छ। सोही अनुरुप आ.ब. २०८२।०८३ का लागि नेपाल सरकारबाट प्राप्त हुने रकम र यस गाउँपालिकाले छुट्याइको समपुरक रकम समेतलाई क्षेत्रगत विनियोजन गरी पोषण सुधारका लागि तोकिएको क्रियाकलापमा खर्च गरिने छ।
६. बहुक्षेत्रीय पोषण योजनाले निर्दिष्ट गरेका उपलब्धी तथा प्रतिफल प्राप्तिको लागि विषयगत शाखा - साझेदार निकायहरु सँग मिलेर पोषण लक्षित र संवेदनशिल क्रियाकलापहरु सञ्चालन गरिनेछ र महिला बालबालिका लक्षित कार्यक्रम जस्तै बाल पोषण अनुदान खोप कार्यक्रम, बाल मैत्री स्थानिय शासनमा समेत बहुक्षेत्रिय पोषण योजनालाई समेत समाबेश गर्दै लगिने छ।
७. पोषण लक्षित अनुगमन तथा मुल्याङ्कनको प्रारुप सहित स्थानीय योजना प्रक्रिया र योजनाहरुमा पोषणलाई समाहित गरिने छ।
८. सबै क्षेत्रमा बुहक्षेत्रीय पोषण योजना तर्जुमा गरी त्यसको प्रभावकारी कार्यन्वयन तथा अनुगमन सुशासन र पारदर्शिताको सुनिश्चित्ता गरिने छ।

**शिक्षा तर्फः**

**नाराः** *स्थानीय सरकारको निरिक्षणः शिक्षण देखि परिक्षण*

१. प्रारम्भिक बाल शिक्षा तथा विद्यालय शिक्षा सम्बन्धी नीति, कानून मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन, संचालन, अनुमति, परीक्षा संचालन,व्यवस्थापन र प्रभावकारी रुपमा नियमन गरिनेछ।

२. रामारोशन शैक्षिक रुपान्तरण अभियान कार्यक्रमलाई पुर्ण प्रभावकारी वनाउदै शिक्षण देखि परिक्षण सम्म सुधार गरिनेछ। यसमा उत्कृष्ठ बालविकास, विद्यालय, शिक्षक, विद्यार्थी, वि .व्य.स. र अभिभावक पुरस्कृत लगायतका कार्यक्रम संचालनमा ल्याइनेछ।

३. गुणस्तरिय शिक्षाको लागि सुचना प्रविधियुक्त शैक्षिक पुर्वाधारको विकासका लागि आवश्यक व्यवस्था मिलाईनेछ।

४. शैक्षिक गुणस्तर सुधारको लागि आधारभूत शिक्षा परीक्षा र वोर्ड परीक्षालाई मध्येनजर गरी विद्यालयमा आवासीय कक्षा सञ्चालनका कार्यक्रम संचालन गरिनेछ।

५. बालविकास शिक्षक तथा शिक्षकहरुकालागि पेशागत दक्षता अभिवृद्धिका लागि पुनर्ताजगी तालिमका कार्यक्रम सञ्चालन गर्नुका साथै रोष्टर शिक्षक उत्पादन गरी परिचालन गरिनेछ।

६. विद्यार्थी संख्या शिक्षक दरवन्दी आदिका आधारमा बालविकास,विद्यालय कक्षा व्यवस्थापन समायोजन एवम् शिक्षक दरवन्दी मिलानका कार्यक्रम सञ्चालन गरिने छ।

७. सामुदायिक सिकाइ केन्द्रहरुलाई शैक्षिक गुणस्तर सुधार,सक्षरता एवम आयमुलक कार्यक्रम सँग जोड्दै थप व्यवस्थित गरिने छ।

८. स्थानय कृषि उपजमा आधारित विद्यालय दिवाखाजा कार्यक्रमलाई थप व्यवस्थित गरी कार्यान्वयन गरीनेछ।

९. विभिन्न उमेर समुहका एवम् विद्यालय तहका विद्यार्थीहरुका लागि खेलकुद तथा अतिरिक्त क्रियाकलापका कार्यक्रमहरुको आयोजना गरिने छ।

१०. विद्यालयमा शिक्षण सिकाइलाई सूचना प्रविधिमा आधारित बनाउन विद्यालयको आवश्यकतालाई मध्येनजर गरी सुचना प्रविधि सम्बन्धी सामग्री वितरण गरिनेछ।

११. शैक्षिक क्षेत्रको भौतिक पुर्वाधार विकास र मर्मत सम्भार कार्यलाइ निरन्तरता दिइने छ।

१२. बालविकास केन्द्रको भौतिक अवस्था, बालबालिकाको अवस्था अध्ययन र विश्लेषण गरी बालविकास केन्द्रको आवश्यक व्यवस्थापन गरिने छ।

१३. विद्यालय व्यवस्थापन समितिलाई विद्यालय प्रति जवाफदेही तथा प्रेरित गर्न गाउँ शिक्षा समिति, वि.व्य.स. अध्यक्ष र प्र.अ. बीच काम, कर्तव्य र अधिकार लगायतका विषयमा छलफल, अन्तरक्रिया र गोष्ठीको आयोजना गरिनेछ।

१४. विद्यालय बाहिर रहेका बालबालिका, किशोर- किशोरीहरुलाई विद्यालय शिक्षामा समाहित गरिनेछ

१५. विद्यालयको शैक्षिक गतिविधि सुधार तथा समुचितद व्यवस्थापनका लागि अभिभावक शिक्षा कार्यक्रम संचालन गरिनेछ।

१६. स्थानीय पाठ्यक्रम बमोजिम पाठ्यपुस्तक छपाई गरि विद्यार्थीको हातमा पाठ्यपुस्तक प्राप्त हुने व्यवस्था मिलाईनेछ ।

**महिला, वालवालिका तथा सामाजिक समावेसिकरणः**

**नाराः *सामाजिक समावेसिकरणः सामाजिक न्यायको परवर्द्धन***

१. महिलालाई सशक्तिकरण गरी जिविकोपार्जन सुधार र आत्मनिर्भर बनाउन उपाध्यक्ष महिला सशक्तिकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ । लैङ्गिक समानता र महिला सशक्तिकरणको नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।महिला सम्बन्धी विभिन्न दिवसिय कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२. हिंसापीडित महिलालाई तत्काल राहत तथा संरक्षणका लागी लैङ्गिक हिंसा निवारण कोष र आर्थिक रुपले कमजोर तथा विपन्न वर्गका एकल महिलाको संरक्षणको लागि एकल महिला सुरक्षा कोषलाई निरन्तरता दिइनेछ ।

३. जेष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४. अपाङ्गता भएका ब्यक्तिहरुको परिचय पत्र वितरणको लागि अपाङ्गता परिक्षण शिविर कार्यक्रम संचालन गरिनेछ ।

५. महिला तथा किशोरी विरुद्ध हुने सबै प्रकारका हिंसा, विभेद र शोषणअन्त्य गर्नका लागी लैङ्गिक हिंसा न्युनिकरणमा न्यायिक समितिको क्षमता अभिबृद्धी गर्दै लैङ्गिक हिंसाप्रति शुन्य सहनशिलताको नीति लिइनेछ ।

६. विपन्न तथा एकल महिला लक्षित कार्यक्रममा जोड दिइनेछ, साथै महिला केन्द्रित सिपमुलक कार्यक्रमलाई जोड दिइनेछ।
७. जिविकोपार्जन तथा सशक्तिकरणका विभिन्न क्रियाकलाप संलग्न हुन महिला समुह गठन तथा परिचालन गर्न महिला लक्षित कार्यक्रम संचालन गरिनेछ।
८. दलित समुदायका परम्परागत पेशालाई व्यवसायिकरण गरिनुका साथै जातिय छुवाछुत लगायत सबै खाले विभेदिकरणको अन्त्यका लागि विशेष कार्यक्रम संचालन गरिनेछ।
९. बालअधिकार समिति गठन, बालक्लव गठन, संचालन र नियमन गरि बालबालिकाको हकहित तथा संरक्षणको पक्षमा कार्य गर्ने नीति अबलम्बन गरिनेछ।
१०. अनाथ, असहाय, टुहुरा, अपाङ्गगता भएका हिंसापिडित तथा सडक बालबालिकाको उद्धार, संरक्षण र पुनःस्थापनाको लागी बाल संरक्षण कोष स्थापना गरिनेछ।
११. गरिब तथा विपन्न, दलित, आदिवासी जनजाति, एकल तथा अपाङगता भएका, हिंसापीडित, एचआइभी संक्रमित र पिछडीएका समुदायका महिला र किशोरीको आयआर्जन क्षमता विकास र सशक्तीकरण गर्ने गरी आर्थिक तथा सामाजिक विकासका कार्यक्रम संचालन गरिनेछ।
१२. आदिवासी जनजाती समुदायको भाषा र मौलिक कलासंस्कृतिको जगर्ना गर्न विशेष - कार्यक्रम संचालन गरिनेछ।
१३. बालविवाह, लैङ्गिक हिंसा, समाजिक कुरीति, छाउपडी बोक्सी लगायत अन्धविश्वास विरुद्ध जागरण अभियान संचालन गरिनेछ।
१४. लागुपदार्थ दुर्व्यसनी, घरेलु हिंसा, मानव बेचविखन तथा ओसारपसार जस्ता गतिविधिको नियन्त्रण तथा जोखिम न्यनिकरण गर्न जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ।
१५. किशोरीहरुको भविष्य छनौट तथा सकारात्मक सोच र आत्मरक्षा सम्बन्धी किशोरकिशोरी लक्षित कार्यक्रम संचालनमा जोड दिइनेछ।
१६. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण उत्तरदायी बजेट परिक्षण गरि सोही अनुसार योजना तथा कार्यक्रम गरिनेछ।

**सामाजिक सुरक्षा तथा पंजिकरण तर्फः**

नाराः ***त्रुटिरहित सामाजिक सुरक्षाको लागि त्रुटिरहित पञ्जिकरण***

१. स्थानीय सामाजिक सुरक्षा व्यवस्थापनको लागि आवश्यक तथ्याङ्क संकलन एवं व्यवस्थापन गरिने छ।

२. सामाजिक सुरक्षा भत्ता सम्वन्धि अनुगमन तथा निरिक्षण गरि कोही नदोहोरिउन कोहीनछुटन , भन्ने उदेश्यका साथ पारदर्शि र व्यवस्थित वनाईने छ ।
३. सामाजिक सुरक्षा भत्ता तथा व्यक्तिगत घटना दर्ता सम्वन्धिगाउँपालिकामा एउ ,टा र प्रत्येक वडामा एक एक वटा गुनासो पेटिका राखेर त्रैमासिक रुपमा गुनासो सुनुवाई गरिने छ ।-
४. सामाजिक सुरक्षा भत्ता पारदर्शि बनाउन विभागले निर्देशन गरेको वायोमेट्रिक भेरिफिकेसन गर्ने मेसिन प्रत्येक वडामा लागु गरिनेछ ।
५. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्वन्धी कर्मचारी र जनप्रतिनिधिहरुलाई क्षमता अभिवृध्दिको लागि तालिमको व्यस्थापन गरिने छ ।

## ग) पुर्वाधार विकास

**भौतिक पुर्वाधारः**

**नाराः *गुणस्तरीय संरचना र दिगो विकासः समृद्ध रामारोशनको आधार***

१. समावेशी र दिगो भौतिक पूर्वाधार विकासको प्रवर्द्धन गरिनेछ।
२. गुणस्तरीय निर्माण कार्य र मापदण्ड अनुरूपका पूर्वाधार विकासमा जोड दिइनेछ।
३. भूगोलअनुकूल र भूकम्प प्रतिरोधी संरचना निर्माण गरिनेछ।
४. निर्माण कार्यमा स्थानीय स्रोत र प्रविधिको अधिकतम उपयोग गरी गरिनेछ।
५. पूर्वाधार विकासमा पर्यटन, कृषि र रोजगारी सिर्जना लाई अभिमुखता/प्राथमिकतामा राखिनेछ।
६. गाउँपालिका भित्रका सबै वडामा न्यूनतम एक खेलमैदान निर्माण/सुधार आयोजना संचालन गरिनेछ।
७. खेलकुद पूर्वाधारमा दिगोपन, पहुँच, समावेशीता र गुणस्तरलाई प्राथमिकता दिईनेछ।
८. स्थानअनुसार बहुउद्देश्यीय खेलकुद पूर्वाधार (Football, Volleyball, Badminton आदि) विकासको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।
९. खेल पर्यटन (Sports Tourism) प्रवर्द्धन गर्न पूर्वाधार तयार गरिनेछ।
१०. सडक, खानेपानी, र भवन निर्माणमा दिगोपन, वातावरणीय संरक्षण र सस्तो समाधानको खोजी गरिनेछ।
११. सडकको दिगो विकास र व्यवस्थापनको लागि गाउँपालिकाको रणनीतिक सडक गुरुयोजना (RMTMP) अन्तर्गत रही बजेट एवं कार्यक्रमको व्यवस्थापन गरि कार्यान्वयन गरिनेछ।
१२. रास्ट्रिय भवन संहिताको पालना गर्न रामारोशन गाउँपालिका भित्र निर्माण हुने हरेक आवासीय संरचनाहरुको नक्सापास अनिवार्य गर्नुपर्ने व्यवस्था मिलाउनको लागि

रामारोशन **गाउँपालिकाको भवन निर्माण तथा घरनक्सा नियमन कार्यविधि २०८१** लाई पूर्ण रुपमा कार्यान्वयन गरिनेछ। साथै विधुतिय नक्सा प्रणाली EBPS को जडान गरि घरजग्गा वा नक्सापास प्रणालीलाई व्यवस्थित गरिनेछ।

१३. "स्थानिय तहको प्रशासकीय पूर्वाधार विकास कार्यक्रम संचालन कार्यविधि २०८०" को अधिनमा रही रामारोशन गाउँपालिकाको प्रशासकीय भवन निर्माणको कार्यलाई प्रमुख प्राथमिकतामा राखी निर्माण कार्य गरिनेछ।

१४. "जोखिम संवेदनशील भू-उपयोग योजना" तयार गरि जग्गा एकीकरण, जग्गा विकास, सम्पदा संरक्षण योजना एवं धार्मिक पर्यटकीय रुपमा महत्वपुर्ण जोखिम संवेदनशील बस्तीहरूलाई सुरक्षित ठाउँमा स्थानान्तरण गर्न आवश्यक दिर्घकालिन योजना बनाई क्रमश लागु गरिने छ।

१५. भौतिक पूर्वाधार विकासमा निजी क्षेत्र समेत अटाउने गरि रामारोशन गाउँपालिकाको सार्वजनिक-निजि साझेदारी नीति "सार्वजनिक-निजी साझेदारी ऐन २०८१" लाई कार्यान्वयन गरि विकासका योजनाहरु साझेदारीमा संचालन एवं कार्यान्वयन गरिनेछ।

१६. बालमैत्री र अपाङ्गमैत्री नीति कार्यन्वयनमा ल्याई बालमैत्री एवं अपाङ्गमैत्री पुर्वाधारहरु निर्माणलाई निरन्तरता दिईनेछ एवं बालमैत्री वडा तथा बालमैत्री पालिकाको घोषणा गरिनेछ।

१७. गाउँपालिकामा संचालित आयोजनाहरुको कानुन बमोजिम अनिवार्य वातावरणीय अध्ययन गर्ने व्यवस्था मिलाउन रामारोशन गाउँपालिकाको "संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि २०८१" लाई कार्यान्वयन गरि सोहि अनुरुप IEE, EIA गरिनेछ।

१८. निर्मित पूर्वाधारको सहि उपयोग र दिगो व्यवस्थापन गर्न छुट्टै मर्मत सम्भार कोषको स्थापना गरि कार्यान्वयनमा लगिनेछ। सो कार्यको लागि "मर्मत सम्भार कोष संचालन सम्बन्धि कार्यविधि २०८१" लाई कार्यान्वयन गरिनेछ ।

१९. उपभोक्ता बाट हुने योजनाहरुलाई व्यवस्थित गर्न "उपभोक्ता समिति,गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०८१" लाई पूर्ण रुपमा कार्यान्वयन गरिनेछ र आयोजनाहरुको मर्मत सम्भार एवं दिगो व्यवस्थापनको लागि र आम उपभोक्ताले योजनाको अपनत्व लिने गरि उपभोक्ता समितिहरुलाई जिम्मेवार बनाउन कानुनत उपभोक्ता समिति दर्ता गरिनेछ ।

२०."१२ बण्ड र अठार खण्ड" ले चिनिने रामारोशन पर्यटकीय क्षेत्रको समग्र विकासको लागि रामारोशन पर्यटकीय गुरुयोजना निर्माण गरि पर्यटकीय क्षेत्रमा विकास निर्माणका कार्यहरु व्यवस्थित एवं दिगो रुपमा संचालन गरिनेछ।

२१.रामारोशन पर्यटकीय क्षेत्रको संरक्षण, फोहोरमैला व्यवस्थापन, राजस्व व्यवस्थापन, डुंगा व्यवस्थापन र अन्य समग्र पर्यटकीय क्षेत्र लाई व्यवस्थित रुपमा संचालन गर्ने "रामारोशन पर्यटन व्यवस्थापन सम्बन्धि कार्यविधि-२०८१" लाई सफल रुपमा कार्यान्वयनमा ल्याई व्यवस्थापन गरिनेछ ।

२२.रामारोशन पर्यटकीय क्षेत्रमा गोरेटो बाटो अर्थात ट्रेकिंग रुट निर्माणलाई प्राथमिकता दिईनेछ। साथै रामारोशनमा घुम्न आउने पर्यटकहरुको व्यवस्थापनको लागि होम स्टे को अवधारणा लाई प्रोत्साहन गरिनेछ।

२३.गाउँपालिकाको खानेपानी व्यवस्थापनको लागि गाउँपालिका भित्र रहेका हरेक मुहानहरुको संरक्षण, सम्बर्द्धन र एकीकृत रुपमा खानेपानी सम्बन्धि संरचनाहरुको बिस्तार एवं दिगो व्यवस्थापन गरि हरेक नागरिकलाई शुद्ध पिउने पानिको व्यवस्था मिलाईनेछ।

२४."खानेपानि तथा स्वच्छता ऐन" २०७८ लाई सफल रुपमा कार्यान्वयन गरिनेछ।

२५.स्वास्थ्य चौकी एवं इकाईरुको पूर्वाधार निर्माणमा विशेष जोड दिईनेछ। नेपाल सरकारको 'एक स्थानिय तह, एक अस्पताल ' अन्तर्गतको १५ सैयाको अस्पतालको सम्पूर्ण प्रक्रिया पुरा गरि निर्माण कार्यको थालनी गरिनेछ।

२६.निर्माणाधीन वडा कार्यलयहरुको भवन सम्पन्न गरि भवन निर्माण गर्न बाँकी वडा कार्यालयहरुको भवन निर्माण गरिनेछ।आ.व. २०८२/८३ भित्र सम्पूर्ण ७ वटै वडा कार्यालयहरुको भवन निर्माण सम्पन्न गरिनेछ।

२७.सेवा प्रवाहलाई डिजिटल गर्न एकीकृत सुचना प्रणालीको विकास गरिनेछ।

२८."टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि २०८१" र "स्थानीय तहको योजना प्रक्रियामा युवा सहभागिता सम्बन्धि कार्यविधि २०८१" अनुरुप पालिकामा संचालन हुने विकास निर्माणका आयोजनाहरुमा युवाहरुको सहभागितालाई सुनिश्चित गरिनेछ।

२९.साना मझौला एवं वृहत सिंचाई आयोजनाहरु संचालन गरि खेतीयोग्य जमिनमा सिंचाईको प्रबन्ध गरिनेछ। खानेपानी एवं सिंचाईको लागि वाटर लिफ्टिङ्ग सहितको योजना संचालन गरिनेछ।

३०.फोहोरमैला व्यवस्थापनको लागि रामारोशन गाउँपालिकाको 'फोहोरमैला व्यवस्थापन सम्बन्धि कार्यविधि २०८१" लाइ पूर्ण रुपमा कार्यान्वयन गरि कुहिने एवं नकुहिने फोहोरको

एकीकृत व्यवस्थापनको लागि सम्भाव्यता अध्ययन गरि विसर्जन केन्द्र बनाई फोहोरमैलाको व्यवस्थापन गर्न योजना अगाडी बढाईने छ।

**उर्जा:**

नाराः ***२०८३ भित्रः रामारोशनको उज्यालो चित्र***

१. रामारोशन गाउपालिकामा बर्षेनि चट्याङ परि घाईते, अपाङ्ग एवं मृत्यु हुन नदिनका लागि बिज्ञको सहयोगमा अर्थिङको ब्यवस्था गरिने छ ।

२. रामारोशन गाउँपालिकामा भएको केन्द्रिय विधुत प्रशारण लाईनको बिस्तार र व्यवस्थापनमा जोड दिईनेछ एवं बिधुतबाट बन्चित आम नागरिकसम्म बिधुतको पहुँच बिस्तार गरिनेछ। २०८३ सम्म गाउँपालिकालाई "अँध्यारो मुक्त गाउँपालिका" घोषणा गरिनेछ।

३. रामारोशन गाउँपालिकामा संचालित सम्पूर्ण लघु जलबिधुतहरुको मर्मत सम्भार एवं दिगो व्यवस्थापन गाउँपालिकाले गर्ने व्यवस्था मिलाईनेछ एवं मुजाबगरमा विधुतिय सबस्टेशन राख्न विधुत प्राधिकरण समक्ष पहल गरिनेछ।

४. रामारोशन गाउँपालिकाको बजार क्षेत्र एवं रामारोशन धार्मिक, पर्यटकीय क्षेत्रमा र अन्य सार्वजनिक स्थलहरुमा सडक बत्ति वा सौर्य बत्तिको जडान लाई प्राथमिकता दिईनेछ।स्वास्थ्य एंव शिक्षण संस्थामामा समेत सौर्य बत्तिलाई अनिवार्य जोडिनेछ।

५. १ मेघावाट बिधुत उत्पादनका लागि सम्भाव्यता अध्ययन कार्य अघाडि बढाइने छ ।

६. रामारोशन गाउपालिकामा बाँकी रहेका लघु जलबिधुत लाइ नेपाल बिधुत प्राधिकरण सँग समन्वय गरी एकिकृत गर्न को लागि काम अघाडि बढाउन बैकल्पिक उर्जा प्रर्बद् र केन्द्र र बिधुत केन्द्रीय कार्यालय सग समन्वय गरिने छ ।

७. रामारोशन गाउपालिकामा रहेका सबै लघु जलबिधुत हरुको दिगोपनाको लागी मर्मतसम्भार ब्यवस्थापन गाउपालिका बाटै गर्ने ब्यवस्था मिलाईने छ ।

८. लघु जल बिधुतको आवश्यक जनशत्ति लाई छमता अभिबृधिको लागि बैकल्पिक उर्जा सग समन्वय गरी अपरेटर तालिमको ब्यवस्था मिलाईने छ ।

९. उर्जा नीति तयार गरि कार्यानवयनमा ल्याइने छ ।

१०. रामारोशन गाउँपालिकामा बत्ति नियमित गर्नको लागी समान खरीद गरी स्टोर गर्ने व्यवस्था मिलाइने छ।

११. अपर कैलास खोला ६० किलो वाट ल.ज.बि. आयोजना केन्द्रिय लाइनमा जोडन प्रकृया अघाडी बढी सकेको र स्याउले सुतार ५५ किलो वाट सोलार मिनि ग्रिड लाइ पनि केन्द्रिय लाइनमा जोडन पहल गरीनेछ।

**खानेपानी तथा सरसफाई:**

**नारा: *स्वच्छ खानेपानी: स्वस्थ्य जिन्दगानी***

१. रामारोशन गाउँपालिकाका सात वटै वडाहरुका जनताहरुलाई **पानी नै जीवन हो** भन्ने मुल मन्त्रका साथ आधारभुत स्तरको खानेपानि सेवा उपलब्ध गराईने छ।
२. LACC परियोजनाको लागी आवश्यक साझेदारी रकम विनियोजन गरि प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।
३. रामारोशन गाउँपालिका सात वटै वडाहरुमा स्वच्छ खानेपानि सेवा प्रवाहका लागि खानेपानि योजनाको मुहान देखि चुहान सम्म को पानि परिक्षण गरिने र स्वच्छ खानेपानि सेवा उपलब्ध गराईने छ।
४. नेपाल सरकारले लिएको दीगो विकास लक्ष्य पुरा गर्न रामारोशन गाउँपालिका भित्रका सम्पुर्ण वडा टोल समुदाय तथा योजना क्षेत्र हरुमा पुर्ण सरसफाई का सम्पुर्ण क्रियाकलाप सँचालन गरि जनताको आधारभुत जनस्वास्थ्यमा परिर्वतन गरिने छ।
५. ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाको सकारात्मक कार्यसंस्कृति र खानेपानीसरसफाई , तथा स्वच्छता संग सम्बन्धित क्रियाकलाप अगाडी बढाउन वास युनिटलाई प्रभावकारी रुपमा सन्चालनमा ल्याइने छ।
६. खानेपानीसरसफाई तथा स्वच्छतालाई जनताको अधिकारको रुपमा स्थापित गरिने छ।,

**घ) बन तथा वातावरण**

**वातावरण संरक्षण तथा जलवायुपरिवर्तन:**

**नारा:** *जिवनको लागि वातावरण*

१. गाउँपालिकाले जलवायु अनुकूलन तथा विपद् व्यवस्थापनका क्रियाकलापलाई एकीकृत गरी व्यवस्थित रुपमा अभिलेख गरी जोखिम न्यूनीकरण तथा रोकथामका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
२. जलवायु परिवतर्नका असरबाट बाच्न रोकथामका लागी एकिकृत रुपमा जलवायु उर्जा तथा वातावरणीय कार्यक्रम(CEE) लाई निरन्तरता दिईनेछ।
३. अछाम जिल्लाकै पहिलो गाउँपालिकाको रुपमा ईकोजोन कार्यक्रम अन्तर्गत रामारोशन गाउँपालिका र बैकल्पीक उर्जा बीच भएको कार्बन ब्यापार सम्झौतालाई अगाडी बढाई कार्बन

ब्यापारका लागि कार्यक्रम ब्यवस्थित रुपमा संचालन गरी पालिकाको आयश्रोतमा बृद्धि गरिने छ ।

**विपद् ब्यवस्थापनः**

**नाराः *क्षति न्युनिकरणको लागी पर्याप्त पुर्वतयारी***

१. विपद् पूवर्तयारी, जोखिम आँकलन, जोखिम पूर्वचेतावनी, विपद् प्रतिकार्यको तयारी तथा विपद् न्यूनीकरण र पुनलार्भका क्रियाकलापहरूमा जोड दिंदै विपद् न्युनिकरण कार्ययोजना बनाई सोहि अनुरुप कार्य गरिनेछ ।
२. विपद् व्यवस्थापनमा पालिकामा सर्वेक्षण गरी विपद् पोर्टलमा ईन्ट्रि गरी सूचना प्रविधिको प्रयोगलाई बढाउँदै लगिनेछ ।
३. हुनसक्ने बाढि पहिरो,आगलागी, वन डढेलो लगायतका घटना रोकथामका लागी एकिकृत रोकथाम तथा ब्यवस्थापन योजना निर्माण गरी कार्यक्रम संचालन गरिनेछ ।
४. विपद् बाट हुने क्षतिको अनुगमन गरी उचित राहातको ब्यवस्था मिलाईनेछ ।
५. विपद् ब्यवस्थापनका लागी विभिन्न सचेतनामुलक तालिम गोष्ठी संचालन गरिनेछ ।
६. एक द्वार विपद् ब्यवस्थापन प्रणालीको विकास गरिनेछ ।
७. रामारोशन गाउँपालिकाको विपद व्यवस्थापन कोषलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन प्रत्येक वर्ष आवश्यक वजेट विनियोजन गरिनेछ तथा आपतकालिन कार्यसञ्चालन केन्द्रलाई प्रभावकारी वनाइनेछ ।

**वन, भुसंरक्षण तथा फोहोरमैला व्यवस्थापनः**

**नाराः *पृथ्वीको दिर्घायुको लागी वृक्षरोपण***

१. सार्वजनिक कार्यालयहरुमा हरियाली परवर्द्धन गर्न एक कर्मचारी एक रुखको नीतिलाई अवलम्बन गरि उक्त रुख संरक्षणको लागि सम्बन्धित व्यक्तिलाई जिम्मेवार वनाइने नीति लिइनेछ ।
२. सामुदायिक वनको उचित व्यवस्थापन तथा नियमनको लागी आवश्यक प्रबन्ध गरिनेछ ।
३. सार्वजनिक कार्यालयको आगन पिपल चौतारीको सितलताको अवधारणालाई मुर्तरुप दिइनेछ ।
४. नदि कटान तथा पहिरोलाई रोक्न प्रदेश सरकार,केन्द्र सरकार संग समन्वय गरी बृक्षारोपण,तार जाली तथा विशेष प्रकारको घाँस लगाईनेछ ।
५. गाउँपालिकाका बिभिन्न स्थानहरुमा फोहोर ब्यवस्थापन तथा सरसफाई क्षेत्रको आवश्यकता पहिचान गरी फोहोर मैला ब्यवस्थापनका लगी डम्पिङसाईड र सार्वजनिक शौचालय निर्माणमा जोड दिईनेछ ।

६. सडक निर्माण गर्दा सडकको दुबै किनारामा वृक्षारोपण गर्ने ति लिईनेछ तथा Environment Management Plan-EMP बनाई कार्यान्वयनमा ल्याईने छ।

७. फोहोरमैला व्यवस्थापन सम्बन्धि नीतिगत व्यवस्था गरि कुहिने एवं नकुहिने फोहोरको एकीकृत व्यवस्थापनको लागि सम्भाव्यता अध्ययन गरि विसर्जन केन्द्र बनाई फोहोरमैलाको व्यवस्थापन गर्न आवश्यक पहल गरिनेछ ।

**प्रधानमन्त्री रोजगार कार्यक्रमः**

**नाराः *प्रभावकारी काम र सोहि अनुसारको दाम***

१. रोजगार सेवाकेन्द्रलाई प्रभावकारी वनाउदै रोजगारीका वर्तमान सेवा र सुविधा प्रणालीमा विकास तथा विस्तार गरी लक्षित वर्गको रोजगारीमा पहुँच अभिबृद्धि गराईने छ।

२. SAMI परियोजनाको लागी आवश्यक साझेदारी रकम व्यवस्थापन गरि प्रभावकारी रुपमा कार्यान्वयन गर्दै सुरक्षित आप्रवासनको अवधारणा कार्यान्वयन गरिनेछ ।

३. व्यावसायिक कृषि, सिचाई, खानेपानी, नदी नियन्त्रण, वन, पर्यटन, यातायात पुर्वाधार लगायतका सार्वजनिक निर्माण तथा अन्य सार्वजनिक कार्यहरुमा सहकार्य र समन्वय गरी एकिकृत रुपमा थप आन्तरिक रोजगारी सिर्जना गरिने छ।

४. सबै नागरिकलाई न्युनतम रोनगारीको प्रत्याभुति गरी मौलिक हकका रुपमा रहेको रोजगारीको हकको कार्यान्वयन गरिने छ।

५. आन्तरिक रोजगारी र उद्यमशिलताको प्रर्वधन गरी वैदेशिक रोजगारीको बढ्दो निर्भरतालाई कम गरिने छ।

६. स्थानीय स्तरमा विकास निर्माण कार्यमार्फत सार्वजनिक पुँजी निर्माण गरी स्थानिय जनताको जिवनस्तर सुधार गरिने छ।

७. रोजगारी सिर्जनाका लागि अन्तरक्षेत्रगत अन्तरतहगत समन्वय गरिने छ।

८. स्थानीय स्तरमा रोजगारीको प्रर्बद्धनका लागि सार्वजनिक निर्माणका कार्यहरुमा सम्भव भएसम्म श्रममुलक प्रविधिको प्रयेग गरिने छ।

९. सीपमुलक तालिममार्फत बजारको माग अनुरुपको श्रमशक्तिको विकास र आपुर्ति गरिने छ।

१०. रोजगारी सिर्जनामा सरकारी,निजी,सहकारी,गैरसरकारी तथा सामुदायिक क्षेत्रहरुबीचको समन्वय र सहकार्यमा थप रोजगारीका अवसर सिर्जना गराईने छ।

११. आन्तरिक रोजगारी सिर्जनासम्बन्धी अध्ययन अनुसन्धान गरी रोजगारिका नयाँ क्षेत्रहरुको पहिचान गरिने छ।

## ङ) सुशासन तथा संस्थागत विकास

**नाराः** ***युग अनुसारको सेवाप्रवाहको लागी युग अनुसारको प्रविधि***

१. सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग सुनिश्चित गरिनेछ ।

२. रामारोशन गाउँपालिकालाई संवैधानिक तथा कानुनी अधिकारको प्रयोग तथा गाउँसभाबाट स्वीकृत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नयाँ कानुनको तर्जुमा, विद्यमान कानुनमा समयानुकुल पुनरावलोकन कार्यलाई निरन्तरता दिइनेछ ।

३. बार्षिक खरिद योजना निर्माण गरि सार्वजनिक खरिदलाई प्रभावकारी र व्यवस्थित गरिनेछ तथा प्रतिस्पर्धा सिमित नहुने गरी खुल्ला प्रतिस्पर्धाको माध्यम अपनाउँदै टुक्रे खरिदलाई न्यूनतम गरिनेछ ।

४. राजस्व प्रशासनलाई थप सुदृढ र चुस्त बनाईनेछ । विद्यमान कर प्रणालिमा पुनरावलोकन गरिनेछ, राजस्वको दायरा विस्तार गरिनेछ, सबै प्रकारका आर्थिक क्रियाकलापलाई औपचारिक प्रणालिमा आवद्ध गरिने ।

५. राष्ट्रसेवक कर्मचारीहरुको कार्य क्षमता वृद्धि र विकासका लागि विभिन्न तालिमहरु सञ्चालन गरिनेछ साथै शिक्षक तथा कर्मचारीको मनोवल उच्च पार्न दुइ जना शिक्षक र दुई जना कर्माचरीलाई कार्यसम्पादन मुल्याङ्कनको आधारमा पुरस्कृत गरिनेछ ।

६. सरकारी खर्चमा मितव्ययिता कायम गरिनेछ, आर्थिक प्रशासनलाई थप पारदर्शि, नतिजामुखि र सूचना प्रविधिमा आधारित बनाइनेछ,

७. महालेखा परिक्षकको कार्यालयले औल्याएका बेरुजुको समपरिक्षण तथा फछर्यौट सम्बन्धि आवश्यक कार्य गरिनेछ,

८. कार्यालयको चौमासिक, अर्धबार्षिक र बार्षिक रुपमा समिक्षा गरिनेछ,

९. संस्थागत सुशासन प्रवर्द्धनका लागि नियमानुसार सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण गरिनेछ,

१०. जनप्रतिनिधिहरुको कार्य क्षमता वृद्धि र विकासका तालिम सञ्चालन गरिनेछ,

११. कार्यालयको जिन्सी सामानहरुको अभिलेखलाई थप व्यवस्थित बनाउदै जिन्सी निरिक्षण समयमा नै गराई आवश्यकताको आधारमा मर्मत र लिलाम गरी जिन्सी व्यवस्थापनलाई व्यवस्थित बनाइनेछ ।

१२. निश्चित आधारमा विषयगत तथा वडागत रुपमा बजेट सिमा निर्धारण गर्ने कार्यलाई थप व्यवस्थित बनाउदै लगिनेछ ।

१३. कर्मचारीलाई काम, कर्तव्य, अधिकार र जिम्मेवारी सहितको कार्य विवरण उपलब्ध गराई कार्यसम्पादन सम्झौतालाई निरन्तरता दिईनेछ ।

१४. संघ, प्रदेश र अन्य स्थानीय तहबिच समन्वय र सहकार्य मार्फत कार्यात्मक अन्तर सम्बन्ध कायम गरिनेछ ।

१५. आर्थिक क्रियाकलापहरुको मासिक, चौमासिक र बार्षिक विवरणहरु सूचनापाटि, वेवसाइड तथा संचारका माध्यमहरुमा सार्वजनिक गरिनेछ ।

१६. सेवा प्रवाहलाई प्रभावकारी बनाइ सबै सेवाग्राहीलाई सहज सरल ढंगबाट सेवा दिन गाउँपालिका र सबै वडा कार्यालयमा सेवा प्रवाह सम्बन्धि स्पष्ट जानकारी सहितको नागरिक वडापत्र राख्ने तथा First come First service, last come last service सिद्धान्तका आधारमा सेवा प्रदान गरिनेछ ।

१७. न्यायिक क्षेत्रको सम्पादन सुदृढीकरण तथा व्यवस्थित गर्न न्यायिक सम्बन्धि प्रसार प्रचारका कार्यक्रम गरिनेछ,

१८. मेलमिलाप सम्बन्धि तालिमहरु सञ्चालन गरिनेछ ।

१९. न्यायीक समिति सम्बन्धि जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

२०. न्यायीक समिति र प्रहरी साझेदारी समुदाय न्यायीक जागरण कार्यक्रम सञ्चालन गरिनेछ ।

२१. गाउँपालिका भित्र रहेका सम्पूर्ण व्यवसायी तथा उद्योगीहरुलाई करदाता शिक्षा प्रदान गरिनेछ ।

२२. गाउँपालिकामा सूचना प्रविधिको पहुँच विस्तार र दिगो विकास प्रवर्द्धन गरिनेछ।

२३. डिजिटल शासन )E-Governanceप्रणाली कार्यान्वयनलाई प्राथमिकता दिईनेछ। (

२४. सूचना पारदर्शिता, सेवा प्रवाहमा सहजता र नागरिक सशक्तीकरण सुनिश्चित गर्न आवश्यक प्रबन्ध गरिनेछ।

२५. शिक्षा, स्वास्थ्य, पर्यटन, कृषि लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रयोगलाई प्रवर्द्धन गरिनेछ।

२६. स्मार्ट गाउँपालिका निर्माणतर्फ अग्रसर हुनेगरि सुचना प्रविधिको विकासमा जोड दिईनेछ।

## च) विविध

१. गाउँपालिका अन्तर्गतका मिस्त्रीहरुलाई दक्ष बनाउन गाउँपालिका स्तरिय तालिमको व्यवस्था गरिनेछ।

२. विभिन्न प्राकृतिक तथा मानविय कारणले समस्या तथा हिंसामा परेका पिडितहरुको पुनर्स्थापनाको लागि सुरक्षित बसाइको व्यवस्था मिलाइनेछ ।
३. बाढि तथा पहिरोको कारण घरवार विहिन भएको हरुको लागि एकिकृत बस्ती विकास र सो कार्यका लागि आवश्यक जग्गा व्यवस्थापनको पहल गरिनेछ ।
४. विभिन्न कारणले जग्गा धनी प्रमाण पुर्जा विहिनहरुको लागि जग्गाधनी प्रमाण पुर्जा उपलब्ध गराउन आवश्यक पहल गरिनेछ ।
५. कैलासखोलाको ढुंगा, गिट्टी र वालुवाको संकलन र निकासीलाई नियमन गरिनेछ ।

अन्त्यमा नेपालको संविधानले तीन तहको राज्य संरचनालाई आत्मसात गरि संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट दिगो शान्ति, शुसासन, विकास र सम्वृद्धिको आकांक्षा पुरा गर्ने लक्ष्य लिएको छ। जनताको नजिकको सरकारको हिसावले जनताका अधिकतम समस्याको हल स्थानीय सरकारले गर्नु पर्ने र सीमित स्रोत, साधन एवं कमजोर आन्तरिक आयको कारण आम जनताको आकांक्षा अनुरुप एवं हामीले सोचेको आर्थिक, सामाजिक विकास र सम्वृद्धिको लक्ष्य प्राप्त गर्न सकिएको छैन तथापी यो नीति तथा कार्यक्रममा समाबेश हुन नसकेका कार्यक्रमहरु आगामी आर्थिक वर्षमा समावेश गरिदै लगिने छ र निर्दिष्ट नीति तथा कार्यक्रम बमोजिम बजेट तर्जुमा गरिनेछ । सीमित स्रोत र साधनबाट दीगो विकास, समृद्धि र सुशासनको आकांक्षा परिपुर्तिको लागि नै जनताले हामीलाइ यो -युगिन जिम्मेवारी सुम्पिएकोले यो नीति तथा कार्यक्रम अनुमोदनको लागि यो सम्मानित सभा समक्ष पेश गर्दछु ।

**मान बहादुर साउँद**
**अध्यक्ष**
**रामारोशन गाउँपालिका**
**२०८२।०१।०७**